२०७५, असार
आइतबार
१०

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत युवराज भुसालले निजी आवास निर्माणमा भूकम्प प्रभावितलाई स्थानीय तहबाट सहुलियत दिन आग्रह गर्दै नक्सा निर्माण, नक्सा पास, बाटोका मापदण्ड खुकुलो बनाउन र भूकम्प पीडितलाई निर्माण सामग्रीको व्यवस्था गर्ने कार्यमा सहजीकरण गर्न स्थानीय सरकार जिम्मेवार बन्नुपर्ने बताउनुभयो।

नेपाल

महानिरीक्षक खनाल र राष्ट्रसंघका अधिकारीबीच छलफल

नेपाल समाचारपत्र

काठमाडौं

संयुक्त राष्ट्रसंघीय शान्ति मिसनमा सशस्त्र प्रहरी बल नेपालको तर्फबाट नयाँ फर्म्ड पुलिस युनिट(एफपीयु) मिसन थप गर्न संयुक्त राष्ट्रसंघ सकारात्मक भएको छ।

दोस्रो युनाइटेड नेसन्स चिफ अफ पुलिस समिटमा सहभागी हुन अमेरिका पुग्नुभएका सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनाल र संयुक्त राष्ट्रसंघको डिपार्टमेन्ट अफ पिस किपिङ अपरेसन (डीपीकेओ) का उच्च अधिकारीहरूबीच भएको भेटवार्तामा एफपीयु मिसन थपका लागि सकारात्मक छलफल भएको सशस्त्र प्रहरी बल नेपालले जनाएको छ।

संयुक्त राज्य अमेरिकाको न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघको प्रधानकार्यालयमा भएको सो छलफलमा संयुक्त राष्ट्रसंघका उच्चअधिकारीहरूले शान्ति मिसनमा सशस्त्र प्रहरी कर्मचारीले पुऱ्याएको योगदानको प्रशंसासमेत गरेका छन्। उक्त छलफलमा संयुक्त राष्ट्रसंघले शान्ति स्थापना कार्यमा सशस्त्र प्रहरी बल नेपालले अझै बढी योगदान पुऱ्याउन आग्रह गर्दै यूएनको नीतिअनुसार एफपीयू मिसनमा महिला प्लाटुनसमेत बढाउन आग्रह गरेको थियो।

संयुक्त राष्ट्रसंघको मुख्यालयमा त्यहाँका उच्च अधिकारी तथा सशस्त्र प्रहरी महानिरीक्षक खनालबीच इन्डिभिजुअल पुलिस अफिसरको रूपमा विभिन्न शान्ति मिसनमा खटिने सशस्त्र प्रहरी कर्मचारीको संख्या वृद्धि गर्ने सम्बन्धमा पनि छलफल भएको थियो।

सशस्त्र प्रहरी महानिरीक्षक खनालले बिहीबार, शुक्रबार र शनिबार संयुक्त राष्ट्रसंघका उच्च अधिकारीलगायत विभिन्न देशका प्रहरी प्रमुखहरूसँग छलफल गर्नुभएको थियो। त्यसक्रममा विभिन्न मुलुकका सुरक्षा संगठनले गर्ने काम कारबाहीको शैली तथा अपराधको अवस्था र नियन्त्रणको प्रयास सम्बन्धमा समेत छलफल भएको सशस्त्र प्रहरी नायब उपरीक्षक अजय छतकुलीले जानकारी दिनुभयो।

उप-महासचिव पियर नेपाल आउँदै

काठमाडौं, (नेस)

संयुक्त राष्ट्रसंघीय शान्तिकार्य सञ्चालन विभागका उप-महासचिव जँ लाक्क्रोवा पियर २ दिने नेपाल भ्रमणका सिलसिलामा मंगलबार काठमाडौं आउँदै हुनुहुन्छ।

राष्ट्रसंघको शान्ति स्थापना कार्यमा नेपाल शीर्ष भूमिकामा रहँदै आएकोमा पियर काठमाडौं आउने हुनुभएको हो। राष्ट्रसंघीय शान्ति स्थापना कार्यमा नेपालको भूमिका अझ फराकिलो बनाउन र राष्ट्रसंघ र नेपालबीचको सम्बन्ध अझ निकट बनाउन उहाँको भ्रमण महत्त्वपूर्ण बन्ने परराष्ट्र मन्त्रालयका अधिकारीहरू बताउँछन्।

नेपाल बसाइका क्रममा उप-महासचिव पियरले नेपाली सेनाको काभ्रे पाँचखालस्थित तालिम केन्द्रको स्थलगत भ्रमण गर्नुहुने बताइएको छ। शान्ति मिसनमा खटिने जनशक्तिलाई तालिम दिइने सो केन्द्रलाई स्तरोन्नति गरी क्षेत्रीय स्तरको बनाउन नेपालले पहल गरिरहेको अवस्थामा उहाँ पाँचखाल पुग्ने कार्यतालिका तय भएको हो। पियरले राष्ट्रपति, प्रधानमन्त्री, परराष्ट्रमन्त्रीसहित सेना र प्रहरीका उच्च अधिकारीसँग भेटवार्ता गर्ने बताइएको छ।

उहाँ नेपालसहित भारत, बंगलादेश र पाकिस्तानको समेत भ्रमणमा आउँदै हुनुहुन्छ।

जनप्रतिनिधिको कार्यक्रममा जनप्रतिनिधि नै अनुपस्थित

नेपाल समाचारपत्र

भक्तपुर

जनप्रतिनिधिका लागि आयोजना गरिएको कार्यक्रम जनप्रतिनिधिबिना नै सम्पन्न भएको छ। भूकम्प प्रभावित नागरिकको निजी आवास निर्माणमा आइपरेका समस्याको पहिचान गरी समाधान गर्ने उद्देश्यले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणद्वारा उक्त कार्यक्रम आयोजना गरिएको थियो।

'निजी आवास पुनर्निर्माण सम्बन्धी समस्या पहिचान र समाधान' विषयक जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रममा जिल्लाका चारवटै नगरपालिकाका जनप्रतिनिधिको अनुपस्थिति भएपछि प्राधिकरणका कर्मचारी र पत्रकारबीच मात्रै अन्तरक्रिया गरिएको थियो।

जनप्रतिनिधि नभएपछि भक्तपुरका पत्रकार, जिल्ला समन्वय समितिका प्रमुख र प्रमुख जिल्ला अधिकारीले समस्याका बारेमा अवगत गराएका थिए।

प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाई प्रमुख ध्रुव गैंडाले चारवटै नगरका जनप्रतिनिधिलाई विशेष आमन्त्रण गरिएको भए पनि उहाँहरू सहभागी नभएकोमा दुखेसो पोख्नुभयो। 'निजी आवास पुनर्निर्माण सम्बन्धी समस्या पहिचान र समाधान' विषय भूकम्पपीडित जनतासँग प्रत्यक्ष जोडिएको विषय भएकाले यसमा जनप्रतिनिधिको सहभागिता रहनुपर्थ्यो।' -उहाँले भन्नुभयो।

भक्तपुरमा जग्गा विवाद, लालपुर्जाको समस्या, बहुस्वामित्व र घर नक्शा पासको मापदण्डमा कडाइजस्ता समस्याका कारण पहिलो किस्ताको अनुदान रकम लिए पनि घर निर्माण गर्नेको संख्या न्युन रहेको जिल्ला समन्वय समिति भक्तपुरका प्रमुख एवम् जिल्ला पुनर्निर्माण सहजीकरण समितिका संयोजक नवराज गेलालले बताउनुभयो।

उहाँले भन्नुभयो- 'भक्तपुरमा आवास निर्माण गर्न जग्गा दर्ता, बाटोको मापदण्ड तथा नक्सा पासका समस्या छन्। यहाँ गुठीका विशिष्ट समस्या छन्, कैयौं निजी गुठी छन् जुन कतै दर्ता छैनन्।' उहाँले पुनर्निर्माणमा स्थानीय तहलाई अगुवाइ गर्न दिनुपर्ने सुझाव दिँदै भूकम्पपीडितलाई फास्ट ट्र्याकबाट नक्सा पासको सुविधा, नक्सा निर्माण तथा पास गर्दा सहुलियत दिन स्थानीय तहलाई आग्रह पनि गर्नुभयो।

कार्यक्रममा प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत युवराज भुसालले निजी आवास निर्माणमा भूकम्प प्रभावितलाई स्थानीय तहबाट सहुलियत दिन आग्रह गर्दै नक्सा निर्माण, नक्सा पास, बाटोका मापदण्ड खुकुलो बनाउन र भूकम्प पीडितलाई निर्माण सामग्रीको व्यवस्था गर्ने कार्यमा सहजीकरण गर्न स्थानीय सरकार जिम्मेवार बन्नुपर्ने बताउनुभयो।

उहाँले भक्तपुरमा लाभग्राहीको सूचीमा रहेका २८ हजार ३०२ जनामध्ये २३ हजार ५१९ जनाले मात्रै पहिलो किस्ताको रकम लिए पनि दोस्रो र तेस्रो किस्ता रकम लिनेको संख्या भने न्युन रहेको बताउनुभयो। दोस्रो किस्ता लिन निवेदन दिनेको संख्या ३ हजार ९८४ र तेस्रो किस्ता लिनेको संख्या ३ हजार ३८२ मात्रै रहेको उहाँको भनाइ छ।

भक्तपुर जिल्लामा ७ हजार ७३ लाभग्राहीले घर निर्माण कार्य शुरु गरेका भए पनि २ हजार ९ सय जनाले मात्र घर निर्माण कार्य सम्पन्न गरेको र प्राधिकरणले ६७० घरको मात्रै प्रवलीकरण सम्पन्न गरेको बताइएको छ।

जिल्ला समन्वय समिति भक्तपुरका उपप्रमुख सरिता कुँवरले भूकम्पबाट प्रभावित एकल महिलालगायत जोखिममा परेका वर्गहरूको आवास निर्माण छिटो गरिदिन प्राधिकरणलाई आग्रह गर्नुभयो। भक्तपुर नगरपालिका वडा नम्बर ६ का वडाध्यक्ष हरिराम सुवालले परिवारका सदस्यबीच अंशसम्बन्धी विवादका कारण भक्तपुरमा धेरैको सम्झौता हुन नसकेको बताउनुभयो।

नेपाल पत्रकार महासंघका भक्तपुर अध्यक्ष पुष्करराज बुढाथोकीले भक्तपुरका भूकम्पले क्षतिग्रस्त सम्पदा र सामुदायिक स्कुलका भवन निर्माणमा देखिएको समस्या समाधान गर्न समन्वयको अभाव हुँदा जटिल बन्दै गएको बताउनुभयो ।

त्यसअवसरमा गैरसरकारी संस्था महासंघका भक्तपुर अध्यक्ष सोम शर्मा (बजगाईं) ले जग्गाको स्वामित्वको गाँठो नफुकाइकन समय सीमा तोकिएका कारण लाभग्राहीहरू दबाबमा परेको बताउँदै घर बनाउँदा प्राधिकरण र नगरपालिकाका इञ्जिनियरबाट दोहोरो पास गराउनुपर्ने झन्झटले समस्या परेको बताउनुभयो।

क्रियाशील पत्रकार मञ्चका अध्यक्ष रमेश गिरीले जनताको आवास निर्माणमा नगरपालिका र प्राधिकरणका इन्जिनियरले नक्सा पासमै मोलमोलाइ गर्ने र रकम असुल्ने गर्दा पीडित मारमा परेको बताउनुभयो।

प्राधिकरणका कार्यकारी समितिका सदस्यद्वय डा. चन्द्रबहादुर श्रेष्ठ र ध्रुवप्रसाद शर्मालगायतले स्थानीय स्तरमा उठेका नीतिगत र कानुनी अड्चन हटाएर पुनर्निर्माणको गतिलाई तिव्र बनाउने बताउनुभयो।

हिमाल आरोहणको वृत्तचित्र प्रदर्शनमा

काठमाडौं, (नेस)

हिमाल आरोही कामाछिरिङ शेर्पाले हिमाल आरोहण, समस्या समाधान र हिमाल आरोहणका नायक शेर्पाहरूको जीवनमा आधारित वृत्तचित्र निर्माण गर्नुभएको छ।

शनिबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा शेर्पाले सगरमाथालगायत अन्य हिमाल चढ्नेलाई सरकार र अन्य निकायले वेवास्ता गरेको गुनासो गर्नुभयो। २ पटक सगरमाथाको सफल आरोहण गर्नुभएका शेर्पाले लामो समय लगाएर शेर्पाले हिमालहरूको महत्त्वलाई प्राथमिकताका साथ उठाउनुभएको छ। आरोहणका क्रममा कैद गरिएका दृश्य पनि वृत्तचित्रमा समावेश भएका छन्।

काठमाडौंदेखि सगरमाथा आरोहण गर्दासम्मका दृष्य वृत्तचित्रमा समेटिएको उहाँले बताउनुभयो। हिमाल आरोहणमा ज्यान गुमाएका नेपाली आरोहीको दर्दनाक कथा र भोग्नुपरेका समस्या पनि वृत्तचित्रमा समावेश गरिएको छ। हिमाल आरोहणलाई युद्धसँग तुलना गर्दै शेर्पाले आरोहण गर्दाको समस्या, ज्यान गुमाउँदा परिवारले व्यहोर्नुपर्ने दुःख, अंगभंग भएका आरोहीहरूको कारुणिक कथालाई यथार्थ रूपमा वृत्तचित्रमा प्रस्तुत गरिएको जनाउनुभयो।

'हिमाल चढ्ने आरोहीको अवस्थाबारे कसैले बोल्दैनन्, राज्यले त्यही आरोहीबाट करमात्रै उठाउँछ, यो अवस्था अत्यन्तै कहालीलाग्दो छ' -शेर्पाले भन्नुभयो। वृत्तचित्रले आरोहीका आश्रित परिवारलाई राज्यले शिक्षा, स्वास्थ्यको व्यवस्था गरिदिनुपर्ने, अंगभंग भएकाहरूको उपचारको व्यवस्था गरिदिनुपर्ने, बृद्ध आरोहीहरूका लागि सामाजिक सुरक्षाको व्यवस्था ग्यारेन्टी हुनुपर्ने, पर्यटकको सुरक्षालगायतका विषयमा पनि ध्यान दिनका लागि सरकारसँग आग्रह गरेको छ।

मोटरसाइकल चोरेको अभियोगमा पक्राउ

काठमाडौं, (नेस)

मोटरसाइकल चोरी गरेको अभियोगमा मध्यपुर ठिमी नगरपालिका-३ कौशलटार बस्ने ३० वर्षीय विशुराज तामाङलाई प्रहरीले पक्राउ गरेको छ।

तामाङलाई प्रहरीले शुक्रबार मध्यपुर ठिमी नगरपालिका-१ लोकन्थली बस्ने सागर बुढाथोकीको घर कम्पाउन्डमा पार्किङ गरी राखेको बा६९ प ६८८७ नम्बरको मोटरसाइकल चोरी गरी सोही ठाउँको दिव्यश्वर मन्दिरनजिक डोऱ्याउँदै लैजाँदै गरेको अवस्थामा पक्राउ गरेको हो।

यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

जया मल्टिपलमा योग शिविर

नेपाल समाचारपत्र

काठमाडौं

चौथो अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा जया मल्टिपल क्याम्पस गोकर्णेश्वरको प्रांगणमा योग शिविर सञ्चालन गरिएको छ।

क्याम्पस प्रमुख भवानीप्रसाद पौडेलका अनुसार, दिवसको अवसरमा मन्त्रीहरू, नगरपालिका प्रमुख, विशिष्ट व्यक्तिका साथै सर्वसाधारणको समेत सहभागितामा कार्यक्रम गरिएको हो। पौडेलले कानुन, न्याय तथा संसदीय मामिलामन्त्री शेरबहादुर तामाङ, वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेत, गोकर्णेश्वर नगरपालिकाका प्रमुख सन्तोष चालिसेलगायत अन्य विशिष्ट व्यक्तिहरूको पनि उपस्थिति रहेको जनाउनुभयो।

क्याम्पसको विशेष पहलमा बोस्टर मिडिया र गोकर्णेश्वर नगरपालिकाको संयुक्त आयोजनामा भएको कार्यक्रममा कानुनमन्त्री तामाङले योग र साधनाको माध्यमबाट मानिसमा सचेतना वृद्धि गर्न सकिने र यो ज्ञान समाजका लागि उपयोगी हुने बताउनुभयो।

वन तथा वातावरणमन्त्री बस्नेतले मानिसको जीवनलाई स्वस्थ्य र जागरुक बनाउन योग र ध्यानको आवश्यकता रहेकोमा जोड दिनुभयो। क्याम्पस प्रमुख पौडेलले शैक्षिक ज्ञानले मात्र मानिसलाई स्वस्थ्य र स्फूर्ति नराख्ने भएकाले उसले हरेक क्रियाकलापका माध्यमबाट सिर्जनशील रहनुपर्छ भन्ने मान्यताले शिविरको आयोजना गरिएको बताउनुभयो। क्याम्पसले केही समयअघि योग शिविरसमेत सञ्चालन गरेको थियो।

सिनेमा कर्नर

अग्नि यातायात प्रा. लि.

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकडभिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ (शम्भु)

माउन्ट मकालु यातायात सेवा

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

आजको राशि

ज्यो. चन्द्रेश शर्मा

मेष : धन प्राप्ति, साथीभाइबाट सहयोग, पढाइ-लेखाइमा सफलता।
वृष : आर्थिक लाभ, प्रतिस्पर्धीमाथि विजय, गरेका कार्यमा सफलता।
मिथुन : धन प्राप्ति, कार्यसिद्धि, सुख-सन्तोष, मानसिक प्रफुल्लता।
कर्कट : स्वास्थ्य गडबड, बिनाउपलब्धिको दौडधुप, परिवारिक विवाद।
सिंह : आर्थिक लाभ, प्रतिष्ठा वृद्धि, सानै प्रयासमा प्रगतिको अवसर।
कन्या : धनलाभ, राम्रो कामको थालनी, विजय, सुख-सन्तोष।
तुला : मिष्ठान्न भोजन, आर्थिक लाभ, पुरस्कार प्राप्तिको सम्भावना।
वृश्चिक : स्वास्थ्य समस्या, पारिवारिक विवाद, चोटपटकको सम्भावना।
धनु : विविध लाभ, भोजभतेर एवं पैसा प्राप्तिको सम्भावना छ।
मकर : सन्तुष्टि, गरेका काममा सफलता, शारीरिक तन्दुरुस्ती।
कुम्भ : सरकारी निकायबाट लाभ, व्यापारिक सफलता, मान-प्रतिष्ठा।
मीन : रोगव्याधिको भय, धनहानि, सानो कुरामा पनि विवाद, तनाव।